नेपाल सरकार

फोन :४२००२९८

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७५/०७६

मिति २०७६।३।३

च.नं. ४५५

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तहहरु-सवै ।

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प.सं. प्रबर्द्धन ०७५/७६ च.नं २४२ मिति २०७६।२।३० को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ऐन नियम परामर्श तथा निर्णय कार्यान्वयन महाशाखाको प.सं. ऐन नियम/पर्यटन-९०/०७५-०७६ च.नं. ७४७ मिति २०७६।२।९ को निर्णय कार्यान्वयन सम्वन्धी पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार खुम्वु पासाङ ल्हामु गाउँपालिका सोलुखुम्वु समेतले प्रति पर्यटक रु. २०००।- पर्यटन शुल्क लिएको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी सो समेत उपर आयोगवाट मिति २०७५।१२।१० मा भएको संलग्न निर्णय कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

.........................

शेखर निधि पौड्याल

शाखा अधिकृत

वोधार्थ:

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
ऐन नियम परामर्श तथा निर्णय कार्यान्वयन महाशाखा, टंगाल, काठमाडौं ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

e-mail :Mofagamails@gmail.com

(१६५) ३-१ ७५ m



नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(पर्यटन प्रवर्द्धन शाखा)

सिंहदरवार, काठमाडौं

प. सं: प्रवर्द्धन ०७५/७६
च.नं. २४२

मिति: २०७६/०२/३०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

कु.प्र.पि.
२२११
३/३

प्रस्तुत विषयमा खुम्बु पासाङ्‌ ल्हामु गाउँपालिका समेतले प्रति पर्यटक रु. २,०००/- पर्यटन शुल्क लिएको सम्बवन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी सो समेत उपर आयोगबाट मिति २०७५/१२/१० मा भएको निर्णय सहितको च. नं. ७४७, प. सं. ऐन नियम/पर्यटन-९०/०७५-०७६, मिति २०७६/०२/०९ को पत्रको छायाँप्रति यसैसाथ पठाइएको छ। उल्लेखित अनुसार स्थानीय तहहरुबाट उक्त निर्णयहरु कार्यान्वयन हुने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ।

०७६/०२/३०
राजेश गौतम
शाखा अधिकृत

श्री सूचना तथा प्रविधि शाखा
३/२

visit Nepal 2020 Lifetime Experiences

प.सं.: ३१४०
२०७५/१२/१४

☎ : ५२६२१८०
: ५२६२२४७
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ५२६२१२८, ५२६२१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं
(ऐन नियम परामर्श तथा निर्णय कार्यान्वयन महाशाखा)

पत्र संख्या :- ऐन नियम/पर्यटन-९०/०७५-०७६ १०४७
चलानी नं. :- ६८६

अत्यन्त जरुरी

मिति: २०७६/०२/०९

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

उपर्युक्त सम्बन्धमा पासाङ्ग शेर्पा समेतले खुम्बु पासाङ्ग ल्हामु गाउँपालिका, सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय समेतले उक्त गाउँपालिकाको टिम्स कार्डलाई २०१६ अक्टोबरदेखि लागू हुने गरी प्रति पर्यटक रु.२,०००।- उठाउँदै आएको र सो को हिसाव किताब नगरेको भन्ने उजूरी निवेदन आयोग समक्ष पेश भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) अनुसार लेखी पठाउने भनी आयोगको मिति २०७५/१२/१० मा निर्णय भएकोले निर्णय बमोजिम देहायका विषयमा निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

क. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१) को खण्ड (ङ) १ मा पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने भन्ने उल्लेख भएको सो सम्बन्धी प्रादेशिक कानून निर्माण नभएसम्म साविक कानून बमोजिम नै पर्यटन शुल्क लिने व्यवस्था मिलाउने।

ख. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१) को खण्ड २ मा उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने भन्ने प्रावधानले पर्यटकबाट उठाउने पर्यटन शुल्क अन्तर्गत नपर्ने भएकोले उल्लिखित शुल्क वापत मात्र प्रवेश शुल्क नियमानुसार निर्धारण र संकलन गर्ने व्यवस्था मिलाउने।

ग. प्रवेश शुल्क निर्धारण गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ४ मा उल्लेख भए बमोजिम बस्तु वा सेवाको लागत संचालन र सम्भार खर्चलाई आधार मानी दर निर्धारण गर्ने व्यवस्था मिलाउने।

घ. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम भौगोलिक सीमामा प्रवेश गरेकै कारण शुल्क/दस्तुर लिन नमिल्ने।

(दिवश अधिकारी)
शाखा अधिकृत

बोधार्थः
श्री खुम्बु पासाङ्गल्हामु गाउँपालिकाको कार्यालय
सोलुखुम्बु।